त्रियुगा नगरपालिकाको

# योजना तर्जुमा, उपभोक्ता समिति गठन तथा कार्यान्वयन कार्यविधि

२०७४

त्रियुगा नगरपालिकाको कार्यालय, उदयपुर गाईघाट

Scanned with CamScanner

# त्रियुगा नगरपालिकाको योजना तर्जुमा, उपभोक्ता समिति गठन तथा कार्यान्वयन कार्यविधि २०७४

**प्रस्तावना :**

त्रियुगा नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सबैखाले विकास निर्माण सम्बन्धी कार्यहरुमा स्थानीय जनसहभागिता परिचालन गर्दै स्थानीय श्रोत साधनको अधिकतम उपयोग गर्ने, विकास निर्माणबाट उपलब्ध अवसरहरुको उपभोगमा सम्पूर्ण स्थानीयबासीको समान पँहुचको अवसर श्रृजना गर्ने तथा योजना/आयोजनाहरुको दीगोपना तथा मर्मत सम्भारमा स्थानीय उपभोक्ता समितिहरुलाई अझ सकृय, जिम्मेवार र ब्यवस्थित बनाई स्थानीय स्तरका विकास कार्यहरुमा स्थानीयवासीहरुकै स्वामित्व कायम हुने प्रकृयाको संस्थागत विकास गर्ने/गराउने, अनुगमन तथा सुपरिवेक्षण गराउने, कार्यान्वयन प्रक्रिया र आर्थिक कारोवार समेतमा पारदर्शिता, जवाफदेहिता अभिवृद्धि गराउँदै आयोजना सञ्चालन र सम्पन्न गराउने कार्यमा सरलीकरण गराउने उद्देश्यले त्रियुगा नगरपालिका उदयपुरले **"त्रियुगा नगरपालिकाको योजना तर्जुमा, उपभोक्ता समिति गठन तथा कार्यान्वयन कार्यविधि २०७४"** तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

- यस निर्देशिकाको नाम **"त्रियुगा नगरपालिकाको योजना तर्जुमा, उपभोक्ता समिति गठन तथा कार्यान्वयन कार्यविधि २०७४"** रहनेछ ।
- यो निर्देशिका त्रियुगा नगरपालिकाको नगर सभा सम्पन्न भएको मिति देखि लागू हुनेछ ।

२. ***परिभाषा*** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

- **संविधान** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

Scanned with CamScanner

- **जनप्रतिनिधी** भन्नाले स्थानीय तहको निर्वाचनबाट निर्वाचित नगर प्रमुख, नगर उपप्रमुख, वडा अध्यक्ष, नगरकार्यपालिकाका सदस्यहरु र वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।
- **उपभोक्ता समिति** भन्नाले योजना/आयोजनाको निर्माण/मर्मत कार्यबाट प्रत्यक्ष रुपमा लाभ प्राप्त गर्ने व्यक्तिहरुको समावेशी मूलक समूहले कुनै निर्माण/मर्मत सम्बन्धी कार्यको निर्माण/मर्मत, सञ्चालन र व्यवस्थापन गर्नको लागि आफूहरु मध्येबाट यस निर्देशिकामा तोकिएको प्रक्रिया बमोजिम गठन गरेको समितिलाई सम्झनु पर्दछ ।
- **अनुगमन तथा सहजिकरण समिति** भन्नाले योजना/कार्यक्रम सञ्चालन हुने वडाका वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधीको संयोजकत्वमा अनिवार्य रुपमा २ महिला सहित ५ जना सदस्यीय समितिलाई सम्झनु पर्दछ ।
- **सामुदायिक** भन्नाले जनचेतनामूलक तालिम, अभिमुखीकरण, सीप विकास, बचत तथा कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम गठन भएका समूदायमा आधारित संघ/संस्थालाई सम्झनुपर्दछ ।
- **सामाजिक परीक्षण** भन्नाले सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनु पर्छ ।
- **सार्वजनिक परीक्षण** भन्नाले आयोजना/कार्यक्रमहरुको विकास निर्माण सम्बन्धी कार्य सम्पन्न पश्चात सरोकारवाला सबैको सहभागितामा गरिने आम्दानी र खर्चको सार्वजनिकीकरणलाई सम्झनुपर्दछ ।

**३. कार्यविधिको उद्धेश्य :**

क) पुराना ऐन नियमहरुलाई प्रतिस्थापन गर्दै परिवर्तित ऐन नियमानुसार स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई सहभागी मुलक र पारदर्शि बनाई स्थानीय तहको योजना तर्जुमा गर्दा लाभन्वित उपभोक्ताहरुको सहभागिता सुनिश्चत गर्ने ।

ख) समावेशी विकासको अवधारणा बमोजिम सबै क्षेत्र,वर्ग तथा जात जातिहरुलाई विकास प्रकृयामा मुल प्रवाहिकरण गर्ने ।

ग) स्थानीय तहमा प्राप्त श्रोतहरुलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रकृयाबारे स्पष्ट मार्ग दर्शन गर्ने ।

Scanned with CamScanner

घ) आयोजना व्यवस्थापन, वजेट निकासा र खर्च प्रकृयालाई सरलीकृत गरी आयोजना कार्यान्वयनमा सहजिकरण गर्ने

## परिच्छेद २

## अनुदानका किसिम र रकम विनियोजनका क्षेत्रहरु

**४. अनुदानका किसिम : स्थानीय तहमा निम्न अनुसारको अनुदान उपलब्ध हुनेछ ।**

**४.१. चालु अनुदान :**

क) स्थानीय तहमा निर्वाचित जन प्रतिनिधिहरुको पारिश्रमिक तथा भता, स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तलव, भत्ता र कार्यालय संचालन खर्च ।

ख) क्षमता विकास सम्वन्धि खर्च

ग) अन्य चालु प्रकृतीका खर्चहरु

**४.२. पुंजिगत अनुदान**

स्थानीय सरकार संचालन ऐनको दफा ६९अनुसार स्थानीय सञ्चित कोपमा प्राप्त हुने देहायका रकमहरु

क) सशर्त अनुदान

ख) वितिय समानीकरण अनुदान

ग) नगरपालिकाले उठाएको राजश्व तथा आयवाट प्राप्त रकम

घ) राजश्व वांडफांडवाट प्राप्त रकम

ङ) विकास साझेदार संस्थाहरुवाट सम्झौता गरी प्राप्त हुने अनुदान

च) स्थानीय तहलाई प्राप्त हुने अन्य अनुदान

छ) प्रदेश सरकार वाट प्राप्तहुने अनुदान

**५.चालु खर्च**

चालु खर्च अन्र्तगत देहायका खर्चहरु पर्नेछन् :

क) नियमानुसार उपभोग खर्च, कार्यालय संचालन खर्च तथा सेवा खर्च

Scanned with CamScanner

ख) चालु खर्चवाट वजेट विनियोजन र बांडफांड गर्दा कर्मचारीहरुको तलव भत्ता सुविधा र पदाधिकारीहरुको कानून वमोजिम तोकीएको पारिश्रमिक तथा सुविधा छुट्याएर मात्र चालु खर्चका अन्य शिर्षकमा बजेट विनियोजन गर्नु पर्नेछ ।

घ) स्थानीय तहको विनियम, निर्देशिका, कार्यविधि, वुलेटिन, आवधिक विपयगत योजना तयारी एवम अत्याआवश्यक अध्ययन

ङ) स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्वन्धि तालिमहरु ।

च) स्थानीयत तहका प्रत्यक्ष सारोकार राख्ने गै.स.स., निजी क्षेत्र, टोल विकास संस्था उपभोक्ता समितिको क्षमता विकास सम्वन्धि कियाकलापहरु ।

छ) स्थानीय तहको आन्तरिक आय तथा स्रोतहरुको पहिचान, सम्भाव्यता अध्ययन, प्रक्षेपण, संकलन तथा व्यवस्थापन सम्वन्धि कार्यहरु

ज) स्थानीय तहको पारदर्शि र उत्तरदायीत्व कायमा गर्न सन्चालन गर्ने कियाकलापहरु ( सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण एवम दस्तावेजहरुको तयारी

झ) प्राविधिक परामर्श, विशेषज्ञहरुको पारिश्रमिक, भत्ता, सेवा प्रदायकहरुको सूचिकरण र परिचालन

## ६. पुंजिगत खर्च

स्थानीय तहको संचित कोषमा प्राप्तहुने रकमवाट पूंजिगत खर्च देहायको क्षेत्रमा विनियोजन् गरी लगानी गर्नु पर्नेछ ।

**क) समपुरक कोष** : विकासका साझेदार निकायहरुले स्थानीय तह संग साझेदारीमा संचालन गर्ने आयोजना विवरण सहितको स्वीकृत रकमको सूनिश्चित भए पछि मात्र समपुरक कोषमा रकम विनियोजन् गर्ने ।

**ख) लक्षित समुह विकास कार्यक्रम** : स्थानीय तहको कुल पुंजिगत रकमवाट खण्ड -क) बमोजिमको रकम कटाई वांकी रकमवाट दफा ८ बमोजिम विनियोजन् हुनेगरी न्यूनतम ३५ प्रतिशत रकम ।

**ग) आर्थिक,सामाजिक एवम भौतिक पूवौधार विकास कार्यक्रम** : स्थानीय तहको कुल पूंजिगत रकमवाट खण्ड -ख) बमोजिमको रकम घटाई वांकी रहेको रकमलाई शत प्रतिशत मानि सो को कम्तिमा साठी प्रतिशत रकम,

**घ) प्रवर्द्धनात्मक कार्यक्रम** : खण्ड -ग) बमोजिम रकम कटाई वांकी हुन आउने अधिकतम चालिस प्रतिशत रकम

Scanned with CamScanner

## ७. समपुरक कोषसम्वन्धि व्यवस्था :

क) स्थानीय तहसंग साझेदारी लगानीमा कुनै आयोजना गर्न चाहेमा कार्यविधिको दफा ६ को खण्ड -क) बमोजिम समपुरक कोषमा रकम विनियोजन गर्नु पर्ने छ तर त्यस्तो रकम नगर सभावाट आयोजना गतरुपमा नै स्वीकृत गर्नु पर्नेछ । बार्षिक बजेट स्वीकृत भएपछि समपुरक कोषमा रकम विनियोजन गर्न वाध्य हुने छैन ।

ख) साझेदारीमा संचालन गरिने कार्यक्रम वा आयेजनाहरु नगर पालिकाको सहभागितात्मक योजना तर्जुमा प्रकृयावाट छनौट गरी समावेश भएको हुनु पर्नेछ ।

## ८.लक्ष्यित समूह विकास कार्यक्रम :

यस कार्यविधिको दफा ६ खण्ड बमोजिम छुट्याइएको कुल रकमवाट लक्षित समूहलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाहरु लगानी गर्न देहाय वमोजिमको वजेट विनियोजन गर्नु पर्नेछ ।

क) सवै जातजातिका विपन्न वर्गका महिलाहरुको सशक्तिकरण, रोजगारीमुलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम १० प्रतिशत,

ख) सवै जातजातिका विपन्न वर्गका वालवालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

ग) सवै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवम सामाजिक रुपमा पछाडी परेका र पारिएका वर्ग (ज्यष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लीम तथा पिछडा वर्गलाई न्यूनतम पन्ध्र प्रतिशत

## ९. आर्थिक, सामाजिक एवम भौतिक पूर्वाधार विकास :

९.१. स्थानीय सरकार सञ्चालन ऐनको दफा ११, १२ र २४ अनुसार निम्न अनुसारका क्षेत्रहरुमा लगानी गर्नु पर्नेछ ।

क) यातायात पुर्वाधार क्षेत्र : नगर यातायात गुरु योजना (MTMP) को प्राथमिकताको आधारमा लगानि गर्ने ।

ख) वन, वातावरण, जैविक विविधता, उद्यान तथा खुल्ला एवम हरियाली क्षेत्र, जलवायु परिवर्तन, नवीकरणीय उर्जा

ग) खानेपानी तथा सरसफाई, सिंचाई, नदी, नियन्त्रण

Scanned with CamScanner

घ) सार्वजनिन ऐलानी र पर्ती जग्गा संरक्षण, आवास, भवन

ङ) जलश्रोत विकास एवम तथा ग्रामीण विधुतीकरण

च) स्वास्थ्य पूर्वाधार

छ) शिक्षा पूर्वाधार

ज) बजार प्रवर्द्धन तथा व्यवस्थापन

झ) जिविकोपार्जन तथा गरिवी न्यूनीकरण

ञ) आर्थिक विकास पूर्वाधार ( कृषिमा आधारित, गैर कृषिमा आधारित, सेवा क्षेत्र )

ट) स्थानीय तहको आन्तरिक आयवृद्धि गर्न राजश्व परिचालन सम्वन्धि कार्यहरु

ठ) पर्यटन, सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक पूर्वाधार विकास क्षेत्र

ड) फोहोर मैला व्यवस्थापन तथा ढल निकास

ढ) गांउ नगर साझेदारी कार्यक्रमहरु

ण) तथ्याङ्क सूचना, सडक नक्शांकन, तथा घर नम्वरिङ्ग, वस्तुगत विवरण

त) राष्ट्रिय भवन आचार संहिताको कार्यान्वयन र सडक बति व्यवस्थापन

थ) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन

द) निजी एवम गैर सरकारी क्षेत्रसंग साझेदारीमा संचालन भौतिक पूर्वाधाार सम्वन्धि कार्यक्रमहरु

ध) स्थानीय स्तरमा प्राप्त हुने विप्रेषणको व्यवस्थापन, सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना संकलन, वितिय साक्षरता र सीपमुलक तालिमको सञ्चालन

९.२. आर्थिक सामाजिक एवम भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमवाट पांच लाख भन्दा कम लागतका योजना छनौट गर्न सक्ने छैनन् ।

Scanned with CamScanner

**१०. प्रवर्द्धनात्मक क्षेत्र :**

कार्यविधिको दफा ६ को खण्ड घ वमोजिम छुट्याइएको रकम देहाय अनुसारको प्रर्वद्धनात्मक कार्यक्रममा खर्च गर्नु पर्ने छ ।

क) सामजिक परिचालन मार्फत गठन गरिएका टोल विकास संस्था, वडा कार्यालयवाट माग भई आएका ससाना पूर्वाधार विकास सम्वन्धि कार्यहरु

ख) नेपाल सरकार राष्ट्रिय नीति तथा प्राथमिकताले समेटेका, स्थानीय सरकार सञ्चालन ऐनमा नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका विपयसंग सम्वन्धित कार्यक्रमहरु

१) व्यक्तिगत घटना दर्ता तथा अभिलेखिकरण

२) एक वार्ड एक उत्पादन

३) स्वास्थ्य तथा पोषण स्वास्थ्य सम्वन्धि अभियान र प्रचारात्मक

४) वातावरण संरक्षण तथा जलवायु परिवर्तन

५) खानेपानी तथा पूर्ण सरसफाई

६) खेलकुद विकास शारिरिक तथा मानसिक स्वास्थ्य सम्वन्धि

७) कला, साहित्य, लिपी तथा संस्कृति प्रर्वद्धन, पुस्तकालय व्यवस्थापन, सामुदायीक रेडीयो सम्वन्धि

९) सहकारी खेती, जैविक खेति, आधुनिक कृषि प्रणाली, साना तथा सामुदायिक सिंचाई, कृषि प्रविधि हस्तान्तरण

१०) गैर काष्ठ वन पैदावर, जडिवुटी तथा वृक्ष रोपण कार्य र प्रशोधनात्मक कार्य,

११) स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्द्धन

१२) सीप विकास तथा रोजगार प्रर्वद्धन कार्यक्रम

१३) सुरक्षित तथा मर्यादित वैदेशिक रोजगार

१४) शहरी सुरक्षासम्वन्धि कार्यक्रम

Scanned with CamScanner

## ११. खर्च गर्न निषेध गरिएका विषयहरु

नगरपालिकाको पूंजिगत खर्चवाट देहायको क्षेत्र वा विषयमा खर्च गर्न तथा कार्यहरु गर्न पाईने छैन

क) कुनै पनि प्रकारको तलव भत्ता, वैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम जनप्रतिनिधिहरुको पारिश्रमीक वा अन्य कुनै सुविधा सम्वन्धि खर्चहरु

ख) सवारी साधन मर्मत सम्भार ईन्धन खर्च

ग) पूजिगत तर्फको रकम सापटी लिई वा रकमान्तर गरी चालु शिर्षकमा वा चालु प्रकृतिक कार्यमा खर्च गर्न

घ) घरभाडा, विजुली, टेलिफोन जस्ता कार्यालय सञ्चालन खर्च

ङ) राजनैतिक दलका भगिनी सङ्गठन, संघ संस्था वा व्यक्तिलाई

च) नगर सभावाट स्वीकृत नभएका योजना तथा कार्यक्रमहरुमा खर्च गर्न पाईने छैन ।

छ) नगर सभावाट आयोजनागत रुपमा बजेट वांडफांड नगरी अवण्डाको रुपमा एकमुष्ट बजेट रकम राख्न पाईने छैन ।

## १२. आयोजना व्यवस्थापन सेवा - कन्टेजेन्सि खर्चसम्वन्धि व्यवस्था

१. नगर सभावाट स्वीकृत कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारीता तथा मितव्ययीताको सिद्धान्त अनुसार संचालनमा सहयोग पुचाउन पुजिगत लगानीको समष्टिगत रकमवाट बढीमा तीन प्रतिशत सम्म आयोजना व्यवस्थापन खर्च गर्न सकिने छ । तर आयोजना व्यवस्थापन खर्च गर्दा कुल पुंजिगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाईने छ ।

२. उपदफा १ बमोजिम छुट्याईएको रकम देहायको कियाकलापमा मात्र खर्च गर्न गर्नु पर्ने छ ।

क) आयोजना सर्वेक्षण वा सम्भभाव्यता अध्ययन, डिजाईन, ड्रईङ्ग, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्वन्धि खर्च

ख) समावेशी र सहभागितात्मक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्वन्धि खर्च

ग) आयोजना व्यवस्थापन, योजना खाता र रजिष्टर खर्च

घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मुल्याङ्कन, जांचपास तथा प्रतिवेदन सम्वन्धि

Scanned with CamScanner

ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लेखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने विपय

च) उपभोक्ता समिति गठन, अभिमुखिकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक खर्च

छ) आयोजनाको व्यवस्थापनका लागि चाहिने अत्यावस्यक प्राविधिक उपकरणहरु

ज) आयोजना संग सम्वन्धित सामाजिक परिचालन

Scanned with CamScanner

## परिच्छेद ३

## योजना तर्जुमा तथा आयोजना छनौट

**१३. श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन संचालन ऐनको दफा ६६ अनुसार नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वांडफांडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सिमा निर्धारण गर्न देहायको बमोजिमको श्रोत तथा अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने छ ।

क) प्रमुख - संयोजक

ख) उप प्रमुख - सदस्य

ग) कार्यपालिकाका सदस्यहरु मध्य महिला, दलित वा अल्प संख्यक समेतको प्रतिनिधित्व हुने गरी प्रमुखले तोकेको चारजना - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**१४. बजेट तथा कार्यक्रम तर्जुमा समिति :**

श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिवाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सिमामा आधारित भई स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय वमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहनेछ ।

क) उप प्रमुख - संयोजक

ख) विषयगत क्षेत्र हेर्ने नगरपालिकाका सदस्यहरु - सदस्य

ग) प्रमुख प्रशाकीय अधिकृत - सदस्य

घ) योजना शाखा प्रमुख - सदस्य सचिव

Scanned with CamScanner

**१५. वडा समितिको कार्यालय :**

क) बजेट पूर्वअनुमान तयार गरिसके पछि आयोजना छनौटका आधार समेत खुलाई वडागत रुपमा कार्यक्रम वा आयोजनाको छनौट गरी पठाउन सम्वन्धित वडालाई जानकारी गराउनु पर्नेछ ।

ख) बजेट पूर्वानुमान पठाउदा पिछडीएको टोल वा वस्तीको बर्गिकरण अनुसार लगानी केन्द्रित गरी त्यस्ता टोलको वासिन्दालाई विकासमा मुल प्रवाहिकरण गर्नु पर्नेछ ।

ग) योजना तर्जुमा प्रकृया टोल वा वस्तीस्तरवाट सुरु हुनेछ । टोल वा वस्तीमा वसोवास गर्ने नागरिकहरु विशेष गरेर अति विपन्न एवम पिछडीएका लक्षित समूह एवम सामुदायिक संस्थाहरु समेतको संयुक्त भेलाले पहिचान गरेका योजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

घ) आफ्नो वडा भित्रका समुदायहरुवाट प्राथमिकता प्राप्त सूचिहरुलाई टोल विकास संस्थाले समूहकृत र एकीकृत गरी वडा समितिको कार्यालयमा सिफारिस गरी पठाउने छ ।

ङ) टोल विकास संस्थावाट प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरुलाई वडा समितिले श्रोतको उपलब्धता र योजनाको औचित्यता हेरी क्षेत्रगतरुपमा -आर्थिक, सामाजिक, पूर्वाधार) प्राथमिकताक्रम निर्धारण गरी नगरपालिकामा सिफारिस साथ योजनाहरुको सूचि पेश गर्नु पर्नेछ ।

**१६. विषयगत समिति :**

नगरपालिका कार्यविभाजन नियमावली २०७४ अनुसूची –५ अनुसार गठन भएको बिषयगत समितिहरुमा वडा कार्यालयवाट आएका योजनाहरु दफावार छलफल गरी सम्वन्धित विषयगत समितिवाट बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस साथ पेश गर्नु पर्नेछ ।

**१७. बजेट तथा कार्यक्रम तर्जुमा समिति :**

ऐनको दफा ६७ अनुसार गठन भएको समिति भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा विषयगत समितिको वैठकवाट विपयगत रुपमा छलफल गरी प्राथमिकता समेत निर्धारण गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेश गर्ने ।

**१८. बजेट पेश र पारित गर्ने :**

ऐनको दफा ७१ बमोजिम उप प्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले चालु आ.व.को अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित, आगामी आर्थिक वर्षको राजश्व र व्ययको

Scanned with CamScanner

अनुमान, योजना तथा कार्यक्रम  कार्यपालिकावाट स्वीकृत गराई असार दश गते भित्रमा सभामा पेश गर्नु पर्नेछ । यसरी पेश भएको बजेट तथा कार्यक्रम नगर सभावाट कार्यतालिका पन्ध्र दिनभित्र छलफलग गरी सभाले बजेट पारित गर्न वा सुझाव सहित कार्यपालिकामा पठाउन सक्नेछ ।

**१९.कार्यक्रम वा आयोजना सञ्चालन एवम व्यवस्थापन**

कार्यक्रम वा आयोजना कार्यान्वयन प्रकृया : नगरपालिकाले योजना कार्यान्वयन गर्दा स्थानीय सरकार संचालन ऐनको दफा २४ को अधिनमा रहि देहाय वमोजिम अनुसार आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

क) आर्थिक ऐन, सार्वजनिक खरिद ऐन र नेपाल सरकारवाट प्राप्त अख्तियारीमा प्राप्त मार्गदर्शन तथा शर्तहरुको पालना गर्नु पर्नेछ ।

ख) नगर पालिकाको योजना तर्जुमा तथा कार्यान्यवयन गर्दा स्थानीय वुद्धिजिवी, विषय विज्ञ,अनुभवी, पेशाविद, सीमान्तकृत तथा लोपुन्मुख समुदाय, महिला, वालवालिका, दलित,युवा अल्पसंख्यक, अपाङ्ग भएका व्यत्ति, ज्यष्ठ नागरिकहरुको सहभागितामा योजना तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ ।

ग) योजना कार्यान्वयन कार्यतालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ ।

घ) कार्यक्रम आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्वन्धित लाभग्राहि समुदायलाई जानकारी दिनु पर्दछ ।

ङ) वार्षिक कार्य योजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन गरी विनियोजित वजेटको अधिनमा रहि ठेक्का पटा मार्फत कार्य गराउनु पर्ने भएमा वोल पत्र सम्वन्धि सम्पूर्ण सम्पूर्ण प्रकृया पुरा गर्नु पर्नेछ ।

च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्किदिने कार्यलाई निरुत्शाहित गरी कामको आधारमा भुक्तानि दिने प्रणाली अवलम्वन पेश्किसून्य पार्नु पर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजनाको प्रकृति हेरी आयोजना सञ्चालनको लागि पेश्कि दिन वाध्य पर्ने छैन ।

छ) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा नै कार्यक्रम वा आयोजना गर्नु पर्नेछ ।

ज) नगरपालिकाद्धारा सञ्चालित दुई लाख भन्दा वढिका आयोजनाहरुको आयोजनाको लगत खाता राख्नु पर्नेछ ।

Scanned with CamScanner

झ) नगरपालिकाद्धारा सञ्चालन हुने साठीलाख रुपैया सम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजनाको उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनु पर्नेछ ।

**२०. आयोजनाको लागत अनुमानसम्वन्धि व्यवस्था :**

क) आयोजनाको लागत अनुमान, नक्शा र डिजाईन  नगरपालिकाको सम्वद्ध प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

ख) आयोजनाहरुको लागत इष्टेमेट तायार गर्दा स्थानीय तहवाट स्वीकृत भएको दर रेटको आधारमा निर्माण सामाग्रको विवरण खुलाई उभभोक्ता समितिले समेत वुझ्ने नेपाली भाषमा तयार गर्नु पर्नेछ ।

**२१. ठेक्कापट्टा सम्बन्धी व्यवस्था :**

उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरु र सार्वजनिक खरिद नियमावली अनुसार रु. एक करोड भन्दा बढी लागतका आयोजनाहरुको हकमा स्थानीय तहले सर्वाजनिक खरिद ऐन र नियमावली लगायत प्रचलित कानूनको प्रक्रिया पुरा गरी ठेक्का पट्टाद्वारा आयोजना सञ्चालन गराउ नुपर्नेछ ।

**२२. उपभोक्ता समिति सम्बन्धी व्यवस्था :**

त्रियुगा नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने आयोजना/कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समिति गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक प्रशासन नियमावली समेतका आधारमा देहाय बमोजिमका प्रावधानहरुको पालना गर्नुपर्नेछ :-

१. आयोजना/कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत गरिएको कार्ययोजनाको पालना गर्नुपर्नेछ ।

२. कार्ययोजनामा तोकिए बमोजिम माघ मसान्त भित्रमा उपभोक्ता समिति गठन गरी योजना सम्झौता गरिसक्नुपर्नेछ ।

३. योजना कार्यान्वयन गर्दा सार्वजनिक खरीद ऐन तथा नियमावली २०६३ र २०६४ को पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

४. उपभोक्ता समिति गठन गरिसकेपछि तोकिएको प्राविधिकहरुलाई समयमानै ड्रईङ, डिजाईन लागत अनुमान सर्भे गर्न लगाउनुपर्नेछ । प्राविधिकको निर्देशन र सल्लाह बमोजिम योजना कार्यान्वयन हुनुपर्नेछ ।

५. त्रियुगा नगरपालिकाको नगरसभा वा नगर कार्यपालिकाबाट योजना छनौट भए पछि विनियोजित बजेट, भौतिक लक्ष्य, जनसहभागिता तथा कार्यसम्पन्न अवधि खुल्ने गरी

Scanned with CamScanner

योजना छनौट भएको जानकारी यथासीघ्र सम्बन्धित वडालाई गराउनुपर्नेछ । यसरी नगरपालिकाबाट जानकारी प्राप्त भए पछि सम्भव भए सम्म सम्बन्धीत वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधी वा नगरपालिकाको प्रतिनिधी रोहवरमा स्थानीय लाभग्राहीहरुको आम भेलाबाट उपभोक्ता समिति गठन गर्न टोल विकास संस्था वा सम्बन्धित योजनावाट लाभान्वित हुने सबै स्थानीयवासीहरुलाई वडा कार्यालयले जानकारी गराउनु पर्नेछ ।

६. उपभोक्ता समितिको छलफलमा आयोजनाको लागि बजेट, लक्ष्य, जनसहभागिता तथा कार्यसम्पन्न गर्नुपर्ने अवधि वारे सम्बन्धीत वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधी वा योजना शाखाको कर्मचारी मार्फत जानकारी गराइने छ ।

७. उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा जनप्रतिनिधी वा कर्मचारीको रोहबरमा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सबै सदस्यहरुले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

८. स्थानीय तहका बहालवाला पदाधिकारी, राजनैतिक दलको प्रतिनिधिको रुपमा स्थानीय तहको कुनैपनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्यौट नगरेका व्यक्तिहरु नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई सजाय भुक्तान गरेको तीन वर्ष ननाघेका व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

९. उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य रुपमा हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ । समावेशी ढंगले उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

१०. आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा २ जना महिला रहने गरी सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधीको भन्दा बढी व्यक्ति सदस्य हुनसंयोजकत्वमा ५ सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

११. एउटै समयमा एक ब्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकाघर सगोल परिवारबाट एकजना पाईने छैन ।

Scanned with CamScanner

१२. उपभोक्ता समिति गठन गर्दा जनप्रतिनिधी, स्थानीय तहले तोकेको कर्मचारी वा सामाजिक परिचालकको रोहबरमा गर्नुपर्नेछ ।

१३. सर्वसम्मत रुपमा उ.स.गठन गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका जनप्रतिनिधी, कर्मचारी वा सामाजिक परिचालकले उ.स.गठन गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनुपर्नेछ ।

१४. नगरसभाबाट वा नगरकार्यपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उ.स.मार्फत सञ्चालन गरिने आयोजना वा कार्यक्रमको लागि बढीमा १५ (पन्द्र) दिन भित्र उ.स.गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राहीहरुलाई जानकारी गराउने । तोकिएको समयमा उ.स.गठन गर्न नआएमा नगरपालिकाले अन्य बैकल्पिक माध्यमबाट समेत आयोजना सञ्चालन गर्नसक्नेछ ।

१५. आयोजना कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय लाभग्राहीहरुको लागत सहभागिता अनिवार्य रुपमा हुनुपर्नेछ । नगदै सहभागितालाई प्राथमिकता दिई आयोजना कार्यान्वयन गराउनुपर्नेछ ।

१६. चालु आ.व.मा स्वीकृत भई चालु आ.ब.मै सम्पन्न कार्यक्रम/आयोजनाको मात्रै रकम भुक्तानी हुनेछ । साथै सम्झौता हुनुपूर्व कार्यसम्पन्न गरिएको भनि भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनालाई भुक्तानी गराईने छैन ।

१७. तोकिएको भन्दा अन्य काम गरेको वा काम नै नगरी कागजात मिलाएको, वाप्तविक काम भन्दा बढी काम गरेको देखाइएको, तोकिएको रकम भन्दा बढी खर्च देखाई थप रकम भुक्तानी माँग गर्ने समितिलाई अतिरिक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी सम्वन्धित प्राविधिकलाई समेत कारवाही गरिनेछ ।

१८. आयोजना सम्झौता पश्चात विभिन्न चरणमा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।

१९. रु.५० हजार भन्दा बढीका आयोजनको भुक्तानी अनिवार्य रुपमा बैंक खाता मार्फत गरिनेछ । खाता सञ्चालन अध्यक्ष, सचिव र कोपाध्यक्षको संयुक्त दस्तखतबाट गर्नुपर्नेछ ।

२०. श्रममूलक प्रविधिबाट कार्य गर्ने गरी लागत अनुमान तथा प्राविधिक डिजाईन भएकोमा मेशिनरी उपकरणको प्रयोग भएको पाइएमा सोको भुक्तानी दिन नगरपालिका बाध्य हुनेछैन ।

२१. रु. २ लाख देखि माथिका आयोजनाहरुमा आयोजनाको नाम, कूल ल.ई., उ.स.अध्यक्ष, सचिव र कोपाध्यक्षको नाम, सम्बन्धित प्राविधिक साईट इन्चार्जको

Scanned with CamScanner

नाम र सम्पर्क नम्बर आदि स्पष्ट रुपमा खुल्ने गरी योजनास्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा अनुसूची-१ बमोजिम सूचना पाटी (Hoarding Board) राख्नुपर्नेछ ।

२२. आयोजना संचालनका लागि पेश्कि पेश्कि दिने कार्यलाई निरुत्साहित गरिने छ । तथापी आयोजनाको प्रकृति हेरी पेश्कि उपलब्ध नगरायमा आयोजना संचालन हुन नसक्ने अवस्था भएमा प्राविधिकको राय अनुसार आयोजना सम्झौता पश्चात उ.स.लाई आवश्यकता हेरी ३३ % (प्रतिशत) सम्म पेश्की प्रदान गर्न सकिनेछ, पहिलो पटक लिएको पेश्की रकम फछ्यौट वा कार्यसम्पन्न नगरी थप पेश्की दिईने छैन । त्यस पछि कार्यसम्पादनको आधारमा चालु रनिङ्ग विलको आधारमा रकम भुक्तानी गराईनेछ ।

२३. उपभोक्ता समिति गठन भए पश्चात वडा अध्यक्षको सिफारिस र प्राविधिकको सर्भे, डिजाईन र लागत स्टीमेटका आधारमा योजना शाखाले पेश गरेको राय सहितको टिप्पणीका आधारमा प्रमुख प्रशासकीय अधिकृतले योजना वा अधिकार प्राप्त अधिकारीले सम्झौता गर्नुपर्नेछ ।

२४. योजना सम्पन्न भए पश्चात ड्रईङ, डिजाईन तथा स्टीमेट अनुसार काम भए/नभएको प्राविधिकबाट नापजाँच गराई ठेक्का विल, नापी किताव र कार्यसम्पन्न प्रतिवेदनका आधारमा योजना शाखाले खर्च सार्वजनिकीकरण तथा सार्वजनिक परिक्षण प्रतिवेदन लगायत अन्य काजगात भए/नभएको हेरी अन्तिम भुक्तानीका लागि आफ्नो राय खुल्ने टिप्पणी सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

२५. कामको लागि लिएको पेश्की फछ्यौट गर्दा प्रथम किस्ता बराबरको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नापजाँच र मूल्य खुलेको रनिङ्ग विल, उ.स.बैठक प्रतिलिपी समेत राखी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

२६. आयोजना सम्पन्न गराई अन्तिम भुक्तानीको लागि पेश हुँदा आयोजना शुरु हुनपूर्व, आयोजना सञ्चालन भईरहेको अवस्था र आयोजना सम्पन्न पश्चातको अवस्था देखिने गरी आयोजनाको फोटोहरु समावेश गरी पेश गर्नुपर्नेछ ।

२७. उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्यस्थल, खर्च भएको रकम, उ.स. पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति लगायत खुल्ने गरी योजनास्थलमा आम लाभग्राहीहरुको सहभागितामा अनुसूची - २ बमोजिमको **सार्वजनिक परिक्षण प्रतिवेदन** नगरपालिकामा पेश गर्नुपर्नेछ ।

२८. उपभोक्ता समितिलाई सम्बन्धित योजनाको लागि प्राप्त बजेट र जनश्रमदान तर्फको बजेट समेतको योजना सम्पन्न भएपश्चात सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी

Scanned with CamScanner

गराउन अनुसूची - ३ वमोजिमको खर्च ***सार्वजनिक सूचना फाराम*** भरी भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

## २३. आयोजना मर्मत सम्वन्धि व्यवस्था

- नगरपालिकामा सञ्चालित आयोजनाहरुको नियमित मर्मत सम्भार गरी बाह्रै महिना सञ्चालनमा ल्याउन १ मर्मत सम्भार कोष खडा गरी यो कोषमा रकम जम्मा गरिने र न.पा.बाट सञ्चालित पूँजिगत योजनाहरुको १ % का दरले मर्मत सम्भार कोष रकम कट्टा गरी उक्त कोषमा जम्मा गरी मर्मत सम्भार कोष सञ्चालन विनियमावली तयार गरी सोही अनुसार आयोजनाहरुको मर्मत सम्भार कार्यमा खर्च गनुपर्ने ।
- उपभोक्ता समितिहरुलाई आयोजना हस्तान्तरण भईसकेपछि आयोजना मर्मत सम्भारका लागि आवश्यक व्यवस्था मिलाउन आयोजनावाट लाभान्वित समूहबाट सेवा शुल्क लिने व्यवस्था गर्न सकिने छ ।
- सेवा शुल्क वापत असुल गर्ने रकमको दर निर्धारण गर्दा अयोजनाको प्रकृति हेरी लाभान्वित उपभोक्ता समूहको बैठकवाट निर्धारण गरी कार्यान्वयन गर्न सकिने ।
- नगरपालिकाको नीति, निर्देशनहरुको अधिनमा रहि उपभोक्ता समितिले सम्पन्न आयोजनाको संचालन र मर्मत सम्भारका लागि पहल गर्नुपर्ने ।

## २४. थपघट वा हेरफेर

यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि त्रियुगा नगरकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## २५. खारेजि र वचाउ

क) यस कार्यविधिका प्रावधानहरु कार्यान्वयन गर्दा यस कार्यविधि लागु हुनु पूर्व नगर सभावाट स्वीकृत भएका कार्यक्रम र वजेटलाई सोहि अनुसार सञ्चालन गर्न कार्यविधिले वाधा पुचाएको मानिने छैन ।

ख) यस कार्यविधिका कनै प्रावधानहरु प्रचलित कानून एवम ऐन, नियमावली र आर्थिक नियमावली संग वाभिएमा वाभिएको हदसम्म अमान्य हुनेछ ।

Scanned with CamScanner

## अनुसूची (१)

## लक्ष्यित कार्यक्रम

### १.महिलालाई प्रत्यक्ष फाईदा पुग्ने योजनाहरुको सूची

#### क) पूर्वाधार विकास

- स्वास्थ्य तथा सरसफाईः प्रसुतीगृह निर्माण तथा मर्मत सुधार, प्रसुती एवम स्वास्थ्य जांचका लागि आवश्यक पर्ने सामाग्री
- खाने पानि तथा सरसफाई : ईनार निर्माण तथा मर्मत, ट्युवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, आकासे पानी संकलन, खानेपानी श्रोत संरक्षण, चौचालय निर्माण र मर्मत सुधार
- विपन्न वर्गका महिलाहरुको कार्यवोझ घटाउने खाल्का आयोजनाहरु, वैकल्पिक उर्जा, सुधारीएको चुल्हो, सौर्य उर्जा, गोवर ग्यास, पानी घट्ट, खाद्य प्रशोधन आदि आयोजनाहरु
- हिंसा पिडित महिला तथा किशोरीहरुको लागि आस्थायी आवास गृह निर्माण र मर्मत सुधार
- अपाङ्ग महिला र किशोरीहरुको लागि सहयोग पुग्ने आयोजनाहरु - छात्रावास, आरमगृह, पोसाक परिवर्तन कक्ष)
- स्थानीय तहमा सामाजिक पूजिं अभिवृद्धि गर्ने तथा तालिम संचालन गर्न सामुदायिक भवन निर्माण गर्न सामुदायीक भवन, महिला उद्यमीहरुको लागि साझा सेवा सुविधा केन्द्र भवन तथा पूर्वाधार सम्वन्धि समपुरक कोष

#### ख) सामाजिक तथा क्षमता विकास

- प्रजनन् स्वास्थ्य सम्वन्धि कार्यक्रम, पाठेघर सम्वन्धि समस्या रोकथाम तथा जनचेतना जगाउने कार्यक्रम, एच.आई.भि. एड्स सम्वन्धि जनचेतना जगाउने कार्यक्रम
- महिलाको लागि लोकसेवा कक्षा सञ्चालन, वैदेशिक रोजगारीको लागि आवश्यक पर्ने जानकारी मुलक शिक्षा र सीप विकास
- महिला नेतृत्व विकास, सशक्तिकरण कार्यक्रम र अधिकारमा आधारित विकासको अवधारणा सम्वन्धि कार्यक्रम
- महिला सहकारीताको लागि क्षमता विकास कार्यक्रम
- महिलाको क्षेत्रमा काम गर्ने स्वयम सेविकाहरुलाई क्षमता अभिवृद्धी, प्रोत्शाहन
- महिलाहरुको लागि नगर योजना तर्जुमा र महिला सहभागिता सम्वन्धि तालिम

Scanned with CamScanner

- लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन र महिला विरुद्ध हुन सवै प्रकारका हिंसा उन्मुलन सम्वन्धि कार्यक्रम, महिला कानूनी साक्षरता कार्यक्रम, वालविवाह,वहुविवाहा विरुद्ध जनचेतनामूलक कार्यक्रम
- विपन्न वर्गका महिलाहरुको लागि क्षमता विकास कार्यक्रम - योजना तर्जुमा, लघुउद्यम विकास योजना,फलफुल प्रशोधन, सिलाई कटाई, होटल व्यवस्थापन, घरवास कार्यक्रम ( होम स्टे), मोवाईल मर्मत, विउटी पार्लर आदी

**ग) आर्थिक विकास**

**कृषिमा आधारित** : कृषि खाद्य तथा फलफुल प्रशोधन, कृषि जन्य लघु उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायीक तरकारी एवम फलफुल खेति विकास, माटो सुधार, विउविजन, उन्नत प्रविधिको विस्तार, हाटहटियाको व्यस्थापन, प्रर्वद्धन कार्यक्रम, महिलाहरुको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु र अन्य कृषि, पशुविका, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी, कृषि प्रविधि आधुनिकीकरण सहयोग सम्वन्धि कृयाकलापहरु

**गैर कृषिमा आधारित** : घरेलु तथा लघुउद्यम उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजार मैत्री रुपमा आधुनिकीकरण गर्ने, गरिव महिलाहरुको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु आदी

**घ) संस्थागत विकास :**

- स्वास्थ्य चौकी चौकीहरुको संस्थागत सुधार कार्यक्रम
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति, महिला सञ्जाल, निगरानी समूह, कानूनी उपचार तथा तथा सहायता समिति, महिला सहकारी संस्था महिला समूहहरुका संस्थागत सुधार कार्यक्रम
- गरीव महिलाहरुको सामुदायीक संस्था गठन तथा विस्तार सहयोग ।

Scanned with CamScanner

## २. वालवालिकालाई प्रत्यक्ष फाईदा पुग्ने आयोजनाहरुको सूची

### क) पूर्वाधार विकास

- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यविधि २०६८ को सूचक अनुसार वालमैत्री नगर सम्वन्धि कार्यक्रमहरु
- प्राथमिक शिक्षा -प्रारम्भिक वालविकास भवन, वालमैत्री शैक्षिक सामाग्री, खेलकुद मैदान, खेलकुद सामाग्री, विद्यालय मर्मत सुधार, सौचालय निर्माण तथा मर्मत सुधार, खानेपानी तथा सरसफाई कार्यक्रम
- हिंसा पिडित वालिकाका लागि आकष्मिक संरक्षण थलो, औषधी उपचार सहयोग

### ख) सामाजिक क्षमता विकास :

- बाल अधिकारको आधारमा विभिन्न वालमैत्रि सूचकहरुको विकास गरी वालमैत्री योजना तयार तर्जुमा र कार्यान्वयन गर्ने
- नगरपालिकाको योजना तर्जुमा कार्यक्रमहरुमा वालवालिकाहरुको सहभागिता वृद्धि र वालवालिकाहको विकासको लागि बजेट विनियोजन कार्यक्रममा जोडदिने
- वालमैत्री शिक्षण सिकाई
- वाल क्लव र वालवालिकाहरुको समूहहरुको संस्थागत विकास र व्यवस्थापन
- नगरपालिका भित्र रहेका विधालय स्तरीय वालक्लव, संजालहरुको संस्थागत विकास र वालभेलाकालागि आवश्यक सहयोग
- किशोर तथा किशोरीहरुमा मानसीक स्वास्थ्यमा आउने परिवर्तन र यस सम्वन्धि व्यवस्थापन सम्वन्धि ज्ञान र चेतना अभिवृद्धि गर्ने कार्यककम
- किशोर किशोरीको नेतृत्व विकास गर्ने खालका कार्यकमहरु
- वालविवाह विरुद्ध अभियान कार्यकम
- वालश्रम विरुद्ध कार्यकम
- किशोरी शिक्षा अभियान कार्यकम
- प्राथमिक स्वास्थ्य सेवा, एच.आई.भि.एड्स, प्रजनन् स्वास्थ्य सम्वन्धि कार्यकम
- जन्मदर्ता अभियान
- विभिन्न खोप अभियान
- पोषण कार्यकम
- जोखिममा रहेका वालवाललिकाका लागि उद्धार तथा सहयोग कार्यकम
- सूचना र संचारमा पहुंच र उपयोगिता

Scanned with CamScanner

- आर्थिक अवस्था कमजोर तथा जेहेन्दार र अशक्त अपाङ्गता भएका छात्र, छात्राहरुको लागि सहयोग कार्यकम
- आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गहरुको विद्यालय जान नसक्ने अवस्था भएका वा विचैमा विद्यालय छोड्ने छात्रहरुको लागि शैक्षिक विकास कार्यक्रम
- अशक्त अपाङ्ग भएका भएका छात्राहरुको लागि शैक्षिक र स्वास्थ्य सम्वन्धि कार्यकम
- वाल स्वास्थ्य सम्वन्धि कार्यकम
- वालवालिकाको क्षमता विकास र सशक्तिकरण सम्वन्धि कार्यकम
- स्वास्थ्य चौकीहरु वालवालिकाहरुको स्वास्थ्य सम्वन्धि आवश्यक सामाग्रीहरु
- वालवालिकाहरुको स्वास्थ्यमा सुधार ल्याउने कार्यकमहरु
- वालवालिका हरुको अवस्था विश्लेषण गर्न सर्भेक्षण, वालवालिका प्रोफाई तयार

ग) **संस्थागत विकास**

- विधालय, स्वास्थ्य चौकी, वाल क्लव, वाल संजाल संस्थाहरुको संस्थागत विकास गर्ने आदि कार्यकम
- किशोरी युवा क्लव गठन तथा विस्तार

**३. आर्थिक तथा सामाजिक रुपमा पछि परेका विपन्न वर्गहरुले प्रत्यक्ष फाईदा पाउने आयोजनाहरुको - दलित जनजाति, व्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लीम, पिछडा वर्ग र अन्य पिछडिएका वर्ग समेत )**

क) **पूर्वाधार विकास :**

- खानेपानी तथा सरसफाई : ईनार निर्माण तथा मर्मत, ट्युवेल जडान, धारा निर्माण तथा मर्मत सुधार, ट्याङ्की निर्माण, आकाशेपानी संकलन, खानेपानी श्रोत संरक्षण, सौचालय निर्माण, मर्मत संभार
- वैकल्पिक उर्जा सुधारीएको चुल्हो : सौर्य उर्जा, गोवरग्यांस, पानीघट, खाद्य प्रशोधन आदि आयोजनाहरु
- स्थानीय तहमा सामाजिक पूंजि अभिवृद्धि गर्ने तथा तालिम सञ्चालन गर्ने सामुदायिक भवन
- सांस्कृतिक पुरातात्वीक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण तथा मर्मत सुधार
- लक्षित समूहहरुको आवश्यकतामा आधारित साना तिना उत्पादन मुलक आयोजनाहरु

Scanned with CamScanner

ख) सामाजिक /क्षमता विकास

- विभिन्न पछाडी परेको तथा पारिएका विपन्न वर्गहरुको पारश्रमिक तयारी तथा विपन्न वर्गको नभशाइन
- स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम
- सूचना र संचारमा पहुंच, वैदेशिक रोजगारीको लागि आवश्यक जानकारी र सीपको विकास, लोक सेवा तयारी कक्षा सञ्चालन
- अधिकारमा आधारित विकास अवधारणा, विभेदयुक्त प्रचलन, मानव अधिकार, नीति, कानून आदिवारे जन चेतना मुलक कार्यक्रम
- विपन्न परेका वर्गहरुको समूह र सञ्जालहरुको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम र सशक्तिकरण सम्वन्धि कार्यक्रम
- यौनिक तथा अल्पसंख्यक समुदायको विकास
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सामाजिक सुरक्षा, क्षमता विकास
- समाजका सवै भाषा, धर्म जातिहरु प्रति सदभाव जगाउन उन्मुख गराउने कार्यक्रम

ग) आर्थिक सीप विकास

**कृषिमा आधारित :** कृषि खाद्य तथा फलफुल प्रशोधन, कृषिजन्य लघु उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायीक तरकारी एवम फलफुल विकास,माटो सुधार, विउविजन, उन्नत प्रविधि विस्तार, लक्षित समूहको आय वृद्धि गर्न प्रत्यक्ष फाईदा पुग्ने खालका तालिमहरु र अन्य कृषि र पशुविकास, मत्स्य विकास पोखरी निर्माण तथा सहकारी सम्वन्धि कृयाकलापहरु

**गैर कृषिमा आधारित :** घरेलु तथा लघु उद्यम उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजार मैत्रि रुपमा आधुनिकीकरण गर्ने, लक्षित समुहको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने तालिम तथा सीपहरु

घ) संस्थागत विकास :

- सामुदायीक संस्था , यस वर्गका विभिन्न संघ संस्थाको संस्थागत क्षमता विकास सम्वन्धि कार्यक्रमहरु

Scanned with CamScanner

ख) सामाजिक /क्षमता विकास

- विभिन्न पछाडी परेको तथा पारिएका विपन्न वर्गहरुको पार्श्वचित्र तयारी तथा विपन्न वर्गको नश्शाङ्कन
- स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्वन्धि जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम
- सूचना र संचारमा पहुंच, बैदेशिक रोजगारीको लागि आवश्यक जानकारी र सीपको विकास, लोक सेवा तयारी कक्षा सञ्चालन
- अधिकारमा आधारित विकास अवधारणा, विभेदयुक्त प्रचलन, मानव अधिकार, नीति, कानून आदिवारे जन चेतना मुलक कार्यक्रम
- विपन्न परेका वर्गहरुको समूह र सञ्जालहरुको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम र सशक्तिकरण सम्वन्धि कार्यक्रम
- यौनिक तथा अल्पसंख्यक समुदायको विकास
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सामाजिक सुरक्षा, क्षमता विकास
- समाजका सवै भाषा, धर्म जातिहरु प्रति सद्भाव जगाउन उन्मुख गराउने कार्यक्रम

ग) आर्थिक सीप विकास

**कृषिमा आधारित** : कृषि खाद्य तथा फलफुल प्रशोधन, कृपिजन्य लघु उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायीक तरकारी एवम फलफुल विकास,माटो सुधार, विउविजन, उन्नत प्रविधि विस्तार, लक्ष्यित समूहरुको आय वृद्धि गर्न प्रत्यक्ष फाईदा पुग्ने खालका तालिमहरु र अन्य कृषि र पशुविकास, मत्स्य विकास पोखरी निर्माण तथा सहकारी सम्वन्धि कृयाकलापहरु

**गैर कृषिमा आधारित** : घरेलु तथा लघु उद्यम उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजार मैत्रि रुपमा आधुनिकीकरण गर्ने, लक्षित समुहको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने तालिम तथा सीपहरु

घ) संस्थागत विकास :

- सामुदायीक संस्था , यस वर्गका विभिन्न संघ संस्थाको संस्थागत क्षमता विकास सम्वन्धि कार्यक्रमहरु

Scanned with CamScanner

# अनुसूचि २.

विषय :- सम्झौता ।

**श्रीमान्**

....................................... कार्यक्रम अन्तर्गत .............................. निर्माण/मर्मत कार्यको लागि रु.............................. बजेट विनियोजन भई कार्यक्रम स्वीकृत भएको देखिन्छ । यस निर्माण/मर्मत कार्यको लागि नियमानुसार उपभोक्ता समिति गठन भई आएको र प्राविधिकबाट जम्मा रु.............................. को स्टीमेट पेश भएकोमा नगरपालिका अनुदान शिर्षकबाट रु...................... बाट कन्टीजेन्सी रु............. कटाई बाँकी रु.................... र उ.स. श्रमदान रु.................... व्यहोर्ने गरी पेश भए बमोजिम योजना सञ्चालन गर्नुपर्ने देखिन्छ । अत उ.स.ले रु....................... पाउने गरी वडा कार्यालयको सिफारिस समेतको आधारमा त्रियुगा नगरपालिकाको योजना तर्जुमा, उपभोक्ता समिति गठन तथा कार्यान्वयन कार्यविधि, २०७४ अनुसार कार्यक्रम/आयोजना कार्यान्वयन प्रक्रिया सम्बन्धी भएको व्यवस्था बमोजिम त्रि.न.पा. र उ.स.विच द्वीपक्षीय सम्झौता गरी कार्यादेश दिने र कार्यप्रगतिको आधारमा प्राविधिक मूल्याङ्कन अनुसार रकम भुक्तानी हुन निर्णयार्थ पेश गरेकोछु ।

**संलग्न कागजातहरु**

१. वडा सिफारिस — भएको/नभएको

२. उ.स.निर्णय — भएको/नभएको

३. लागत स्टीमेट — भएको/नभएको

४. योजना सुरु हुनु पूर्वको फोटो — भएको/नभएको

५. अन्य प्राविधिक कागजातहरु :

Scanned with CamScanner

अनुसूचि ३

# त्रियुगा नगरपालिका कार्यालय र उपभोक्ता समिति वीचको सम्झौता

## १. सम्झौता गर्ने पक्ष र आयोजना :

(क) उपभोक्ता समिति /समुदायमा आधारीत संस्था / गैर सरकारी संस्थाको विवरण : सम्झौता गर्ने संस्थाको प्रतिनिधिको,

१. नाम :

२. पद :–

३. ठेगाना :–

(ख) आयोजनाको विवरण :

१. नाम :–

२. स्थान :–

३. उद्देश्य :–

४. आयोजना स्वीकृत गर्ने निकाय :–

५. आयोजना शरु हुने मिति :–

६. आयोजना सम्पन्न हुने मिति :–

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने श्रोतहरु :

| | |
|---|---|
| १. नेपाल सरकार | रु. |
| २. **नगरपालिकावाट** | रु. |
| ३. जिल्ला विकास समितिवाट | रु. - |
| ४. गैर सरकारी संघ संस्थावाट | रु. - |
| ५. समुदायमा आधारित संस्थावाट | रु. - |
| ६. विदेशी दातृ संघ संस्थानवाट | रु. - |
| ७. उपभोक्ता समितिवाट नगद | रु. |

Scanned with CamScanner

श्रमदान रु.

८. अन्यवाट रु.

---

**जम्मा रु.**

| एकाई | | परिमाण | सामग्रीको विवरण |
|---|---|---|---|
| १. विषयगत शाखावाट | – | | |
| २. नगरपालिकावाट | – | | |
| ३. जिल्ला विकासवाट | – | | उपभोक्ता समितिवाट |
| ४. गैर सरकारी संघ संस्थावाट | – | | |
| ५. सामुदायमा आधारीत संस्थावाट | – | | |
| ६. विदेशी दातृ संघ सस्थावाट | – | | |
| ७. उपभोक्ता समितिवाट | – | | |
| ८. अन्यवाट | – | | |

(घ) आयोजनावाट लाभान्वित हुने :

१ घर संख्या :–

२. जनसंख्या :– महिला जना, पुरुष जना

३. समुदाय :– मिश्रित

४. अन्य :– समुदायमा आधारीत / गैर सरकारी संस्था :–

३. उपभोक्ता समिति/गैर सरकारी संस्था / समुदायमा आधारीत संस्था सम्वन्धित विवरण :–

Scanned with CamScanner

३. **उपभोक्ता समिति/ गैर सरकारी संस्था/ समुदायमा आधारित संस्था सम्बन्धि विवरण :**

(क) समिति गठन भएको मिति :–

(ख) पदाधिकारीको नाम र ठेगाना :–

१. अध्यक्ष :–

२. सचिव :–

३. कोषाध्यक्ष :–

४. सदस्य :

५. सदस्य :–

६. सदस्य :–

७. सदस्य :–

८. सदस्य :–

९. सदस्य :–

१०.सदस्य :–

११.सदस्य :–

(ग) समिति गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

(घ) समिति गठन गर्दा अनुपस्थित लाभान्वितको संख्या :

४. **आयोजना सञ्चालन सम्वन्धित अनुभव :**

५. **उपभोता समिति समुदायमा आधारित संस्था गैर सरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरण :**

| किस्ता क्रम | मिति | किस्ता रकम | निर्माण सामग्री | कैफियत |
|---|---|---|---|---|

Scanned with CamScanner

पहिलो रु.

दोश्रो रु.

अन्तिम रु.

कट्टा हुने रकम रु. (३% कन्टिन्जेन्सी वापत)

जम्मा रु.।

अक्षरेपी : रु. ।

## ६ आयोजनाको मर्मत सम्भार व्यहार्ने व्यवस्था (मासिक /चौमासिक /वार्षिक श्रोत ) :

(क) मर्मत सम्भारको जिम्मा लिने समिति संथाको नाम : उपभोक्ता समिति

(ख) जनश्रमदान (श्रमशति संख्या ) :

(ग) सेवा शुल्कवाट रु :

(घ) दस्तुर, चन्दावाट रु :

(ङ) लागत सहभागिता वा अनुदान रु :

(च) व्याज वा अन्य वचत रु :

## ७ अन्य (प्राविधिक र व्यवस्थापन सम्वन्धि ) विवरण :

(क) नगरपालिका (ख) (ग)

## सम्झौताका शर्तहरु :

१. प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउनेछौ ।

२. आयोजना सम्पन भएपछि अनिर्वाय रुपमा सार्वजनिक परिक्षण गराएर नगरपालिकावाट जाँचपास गरी फरफारक लिनेछौ ।

३. आम्दानी / खर्चको विवरण र कार्य प्रगतीको जानकारी उपभोक्ता समुहलाई छलफल गराई अर्को किस्ता माग गर्नेछौ ।

४. नगदी ,जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण अभिलेख आदी तयार राख्नेछौ ।

५. आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदान प्रतिशत निर्धारण गरी भुक्तानी लन/दिन सहमत छौ ।

६. आयोजना सम्पन्न भए पछि मर्मत सम्भारको व्यवस्था हामी उपभोका आफै गर्ने छौ ।

७. आयोजनाको सवै काम उपभोका समिति/समुहको निर्णय अनुसार गर्ने गराउने छौ ।

८. आयोजना मिति देखि शुरु गरी मिति सम्ममा पुरा गर्ने/ गराउने छौ ।

Scanned with CamScanner

९. उपभोक्ता समितिले अनुदान रु. ५,००,०००।- (पाँच लाख) भन्दा माथिका योजना संचालन स्थलको नजिक सार्वजनिक ठाउँमा नगरपालिकाले तोके वमोजिमको ढाँचामा सवैले देख्नेगरी अनिवार्य रुपमा होडिङ्गवोड राख्नुपर्नेछ,सो भन्दा कम अनुदान भएका योजनाहरुको हकमा भने सूचना राख्नुपर्ने छ ।

१०. उपभोक्ता समितिले सम्झौतामा तोकिएको मिति भित्र आयोजनाको सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ । अन्यथा नगरपालिकाबाट उक्त समय भित्र सम्पन्न कार्यको मात्र मूल्याङ्कन गरी रकम भुक्तानी गरिने छ ।

११. उपभोक्ता समितिबाट भुक्तानीको लागि पेश भएको सामान खरिद बिलमा आयकर वापत १.५% रकम कट्टा गरी मात्र रकम भुक्तानी गरिने छ ।

**उपयुक्त बमोजिम गर्न हामी मञ्जुर छौ ।**

**त्रियुगा नगरपालिकाको तर्फवाट :–**

नाम :–

दर्जा :

सही :–

मिति :– गते

**उपभोक्ता समितिको तर्फबाट :–**

अध्यक्षको नाम :–

सही :–

सचिवको नाम :–

सही :–

रोहबर -

सही :-

Scanned with CamScanner

अनुसूची -४

## त्रियुगा नगर कार्यपालिकाको कार्यालय, गाईघाट उदयपुर

१ नम्बर, प्रदेश नेपाल

# योजना खाता

जिल्ला :-

आयोजनाको नाम :-

न.पा. :- वडा नं. :-

गाउँ वस्ती टोल :- आयोजनाको कुल लागत :- रु.

सहभागिताको योगदान : त्रि.न.पा. रु. वडा :- रु. उपभोक्ता रु

**अन्य साझेदार**

(क) निजी क्षेत्र, कन्टीजेन्सी रु.

(ख) गैह्र सरकारी क्षेत्र (राष्ट्रिय, अन्तर्राष्ट्रिय.................................

(ग) विषयगत कार्यालय ...................

(घ)अन्यसाझेदार......................

**नोट :- योगदान उपलब्ध गराउने साझेदारहरुको सहयोगको विवरण जस्तै : नगद, श्रम, जिन्सी, प्राविधिक सेवा आदिको बारेमा उल्लेख गर्नुपर्नेछ ।**

**१. उपभोक्ता समिति सम्बन्धी विवरण**

१.१ आयोजनावाट लाभान्वित हुने

क) जम्मा परिवार संख्या : ख) जम्मा जनसंख्या : ग) पिछडिएको परिवार संख्या :

घ) पिछडिएको वर्गको जनसंख्या : ङ) अन्य परिवार संख्या : च) अन्य वर्गको जनसंख्या :

छ) महिला : ज) पुरुष :

**१.२ उपभोक्ता समिति गठन भएको मिति :-**

Scanned with CamScanner

१.३. उपभोक्ता भेलामा उपस्थित संख्या :-

१.४. उपभोक्ता समितिको पदाधिकारीका विवरण :

| सि. नं. | पदाधिकारीको नाम | पद | लिङ्ग | बुवा/पतिको नाम | बाजेको नाम ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१.५ आयोजना खाता राख्ने आधिकारीक पदाधिकारीको विवरण

| सि.नं. | नामथर | पद | ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**द्रष्टव्य :**

१. स्थानीय निकायका पदाधिकारी एव्म सरोकारवाला व्यक्तिहरुले चाहेको बखत जुनसुकै वेला पनि आयोजना खाता उपलब्ध हुने गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२. आयोजना खाता राख्ने व्यक्ति सात दिन भन्दा बढी अवधिका लागि वाहिर रहने अर्को आधिकारीक पदाधिकारीलाई बुझाएर मात्र जानुपर्नेछ र त्यसको जानकारी सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीलाई गराउनुपर्नेछ ।

३. यो खाता निरीक्षण तथा अनुगमन गर्ने व्यक्तिले अनिवार्य रुपमा आफ्नो प्रतिक्रिया सुझाव जनाउनुपर्नेछ ।

४. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको नम्वर र प्राप्त गरेको जिल्लाको नाम उल्लेख गर्नुपर्नेछ ।

Scanned with CamScanner

## अनुसूची – ५

# सूचना पाटी (Hoarding Board) को नमूना

## त्रियुगा नगरपालिकाको कार्यालय, उदयपुरबाट सञ्चालित योजनाहरुको विवरण ।

१. योजनाको नाम :-

२. मुख्य मुख्य कामको विवरण :-

३. सम्झौता मिति :-

४. निर्माण कार्य शुरु मिति :-

५. निर्माण कार्य सम्पन्न हुने मिति :-

६. योजना/कार्यक्रमको लागत अनुमान :-

७. लागत व्यहोर्ने :-

क) त्रि.न.पा. रकम रु. :- ख) अन्य :- ग) उ.स. रकम रु. :-

८. योजनाको क्षेत्र/स्थल :-

९. लाभान्वित जनसंख्या :-

१०. उपभोक्ता समितिका पदाधिकारीहरु :-

- ❖ अध्यक्षको नाम :-
- ❖ सचिवको नाम :-
- ❖ कोषाध्यक्षको नाम :-

११. सम्बन्धित प्राविधिकको नाम र सम्पर्क नं. (साईट ईन्चार्ज) :-

Scanned with CamScanner

# अनुसूची – ६

## सार्वजनिक परिक्षण प्रतिवेदनको ढाँचा

**पेश गरेको कार्यालय :-त्रियुगा नगरपालिकाको कार्यालय, ।**

१. **आयोजनाको :**

क) नाम :

ख) आयोजना स्थल :

ग) लागत अनुमान :

घ) आयोजना शुरु हुने मिति :-

ङ) सन्पन्न हुने मिति :

च) योजनाको अवस्था सम्पन्न/अधुरो विग्रिएको :-

२. **उपभोक्ता समिति/गै.स.स./सामुदायिक संस्थाको :**

क) नाम :

ख) अध्यक्षको नाम :

ग) सम्पर्क नं. :

ग) सदस्य संख्या : महिला : पुरुष :

३. **सार्वजनिक परीक्षण भएको क) मिति : ख) स्थान : ग) समय :**

४. **सार्वजनिक परिक्षणको उपस्थिति :** (उपस्थिति छाँयाप्रति संलग्न गर्नुपर्ने)

| नामथर | ठेगाना | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

५. **उपभोक्ता समिति/गै.स.स./सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरण :**

**क) आम्दानी तर्फ :**

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| सहयोगी संस्थाबाट निकासा | | |
| सामाग्री | | |
| जनसहभागिता | | |
| श्रमदान | | |
| | | |

**ख) खर्चको तर्फ :**

| अनुदान तर्फ | | श्रमदान तर्फ | | कैफियत |
|---|---|---|---|---|
| विवरण | रकम रु. | विवरण | रकम रु. | |
| क. निर्माण सामाग्री | | क. निर्माण सामाग्री | | |
| | | | | |
| | | | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| ख. कामदार | | ख. कामदार | | |
| | | | | |
| | | | | |
| | | | | |
| ग. ढुवानी | | ग. ढुवानी | | |
| | | | | |
| | | | | |
| घ. मेसिनरी औजार | | घ. मेसिनरी औजार | | |
| | | | | |
| | | | | |
| जम्मा : | | जम्मा : | | |

६. योजनाको लक्ष तथा प्रगति विवरण :

| कामको विवरण | लक्ष | प्रगति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

७. उ.स./सामुदायिक संस्थाले पेश गरेको विवरण माथी सार्वजनिक परिक्षणमा उपस्थित व्यक्तिहरुको प्रतिक्रिया तथा सुझाव :

| सि. नं. | सुझाबकर्ताको नामथर | सुझाबको क्षेत्र, प्रतिक्रिया तथा सुझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| | | | |

उपर्युक्त विवरण उपभोक्ता समितिले पेश गरेको विवरणसंग मेल खान्छ वा खाँदैन । मेल नखाने भएमा कैफियत जनाउने

८. जानकारीका लागि सो विवरण सबै सरोकारवालाहरुलाई सूचित गर्न सार्वजनिक स्थलको सूचना पाटीमा टाँस भए/नभएको :

.............................. .............................. ..............................

Scanned with CamScanner

नाम :
उपभोक्ता समिति अध्यक्ष

नाम :
स्थानीय तहका पदाधिकारी

नाम :
सा.प./प्राविधिक

सार्वजनिक परिक्षण प्रतिवेदन बुझाएको मिति :

Scanned with CamScanner

**विषय :- अन्तिम भुक्तानी।**

श्रीमान्

आ.व............ मा निम्न योजना/कार्यक्रम अन्तर्गत स्वीकृत भई सञ्चालन भएका निम्न आयोजनाको सम्बन्धमा अध्ययन गर्दा तपसिल बमोजिमको कागजातहरु, प्रगति र मूल्याङ्कन भएको देखिएकाले प्रथम/दोश्रो/अन्तिम किस्ता रकम भूक्तानी हुन मोनासिब देखि निर्णयार्थ पेश गर्दछु ।

१) बजेट शिर्षक नं.

२) योजना/कार्यक्रम :-

३) आयोजनाको विवरण :-

| क्र.सं. | जिविस विनियोजित | अन्य | जन सहभागिता | पेश्की/ रनिङ्ग भूक्तानी | अन्तिम प्राविधिक मूल्याङ्कन | जन सहभागिता कट्टा | बाँकी भूक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**संलग्न कागजातहरु**

१. वडा सिफारिस — भएको/नभएको

२. सूचना पार्टी र आयोजनाको फोटो — भएको/नभएको

४. खर्च सार्वजनिकीकरण — गरे/नगरेको

५. सार्वजनिक परिक्षण प्रतिवेदन — भएको/नभएको

६. उ.स.निर्णय — भएको/नभएको

७. अनुगमन समितिको सिफारिस/प्रतिवेदन — भएको/नभएको

८. प्राविधिक कागजातहरु : क) ठेक्का विल ख) नापी किताव ग)कार्यसम्पन्न प्रतिवेदन

Scanned with CamScanner

# अनुसूचि ८

## त्रियुगा नगर पालिकाको सहभागितात्मक तथा समावेशी योजना तर्जुमा प्रकृया

| | | |
|---|---|---|
| स्थानीय राजश्व परामर्श समितिको वैठक | १ | चैत्र मसान्त सम्म |
| श्रोत अनमान तथा बजेट सीमा निर्धारण ससमितिको | २ | वैशाष पहिलो हप्ता |
| बजेट तथा कार्यक्रम तर्जमा समितिको वैठक | ३ | वैशाष दोश्रो हप्ता |
| बजेट तथा मार्ग दर्शन वडा कार्यालयहरुमा पठाउने | ४ | वैशाष दोश्रो हप्ता |
| वडा समितिको कार्यालयमा वजेट तथा मार्गदर्शन सम्वन्धि वैठक | ५ | वैशाष तेश्रो हप्ता |
| टोल विकास संस्थाको वैठक | ६ | ज्येष्ठ पहिलो हप्ता |
| टोल विकास उपभोक्ता भेलाद्धारा योजना | ७ | ज्येष्ठ पहिलो हप्ता |
| वडा समितिमा योजना तर्जमा वैठक | ८ | ज्येष्ठ दोश्रो हप्ता |
| प्राथमिकता सहित नगरपालिकामा योजना पेश | ९ | ज्येष्ठ मसान्त सम्म |
| विषयगत समितिको वैठक | १० | अषाढ पहिलो हप्ता |
| बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक | ११ | अषाढ दोश्रो हप्ता |
| नगर कार्यपालिका वैठक | १२ | अषाढ दोश्रो हप्ता |
| नगर सभा | १३ | अषाढ मसान्त |

Scanned with CamScanner